मल्लरानी गाउँपालिका

# स्थानीय राजपत्र

मल्लरानी गाउँपालिकाद्वारा प्रकाशित

वर्ष ४ मल्लरानी, असोज ६ गते, २०७७ साल (अतिरिक्तांक ३)

## भाग–२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# गा.पा. शिक्षक कर्मचारी पोसाक भत्ता सम्बन्धी मापदण्ड २०७७

कार्यपालिकाबाट पारित मिति : २०७७/०६/०६

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो मापदण्डको नाम गा.पा. शिक्षक कर्मचारी कर्मचारी पोसाक भत्ता सम्बन्धी मापदण्ड २०७७ रहेको छ।

ख) यो मापदण्ड मल्लरानी गाउँपालिका गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

ग) यो कार्यविधि मल्लरानी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

**२ परिभाषा :**

क) गा.पा. शिक्षक कर्मचारी भन्नाले मल्लरानी गाँउपालिकाको गाउँसभाबाट स्वीकृत भई



Scanned with CamScanner

विद्यालयहरुलाई उपलब्ध गराइएको अनुदान कोटामा कार्यरत सम्पूर्ण शिक्षक कर्मचारी सम्झनुपर्छ ।

ख) भत्ता भन्नाले गा.पा. शिक्षक कर्मचारीलाई गाउँपालिकाले उपलब्ध गराउने पोसाक भत्ता सम्झनुपर्छ ।

**३. पोसाक भत्ता सम्बन्धी व्यवस्था :**

क) गा.पा. शिक्षक कर्मचारीहरुलाई पोसाक भत्ता बापत प्रत्येक आर्थिक वर्षमा जनही रु ५०००।- उपलब्ध गराइनेछ ।

**४. कार्यक्रम कार्यान्वयन प्रक्रिया :**

क) भत्ता प्राप्त गर्न सम्बन्धित विद्यालयले आर्थिक वर्षको तेस्रो चौमासिकमा अर्को शैक्षिक सत्रका लागि गाउँपालिका समक्ष रकम माग गर्नुपर्नेछ ।

ख) भत्ता उपलब्ध गराउदा राज्यकोषबाट दोहोरो नपर्ने गरी उपलब्ध गराउनुपर्नेछ ।

आज्ञाले,
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner